ग) प्राप्त प्रस्तावहरु मध्येबाट सिफारिस गर्दा सेवा क्षेत्र भित्रका सबै जिल्ला समेटिनु पर्नेछ ।

घ) कुनै जिल्ला अन्तर्गतका एकभन्दा बढी विद्यालयको अङ्क बराबर भई छनोट हुन नसकेमा विद्यार्थी सङ्ख्या बढी हुने विद्यालयलाई प्राथमिकता दिई छनोट गरिनेछ,

५. <u>सिफारिस समिति</u>: विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि प्राप्त आवेदनलाई दफा ३ एवम् ४ को आधारमा मूल्याङ्कन गरी कार्यालयमा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ:-

(क) कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख, सामजिक विकास कार्यालय -सदस्य

(ग) योजना तथा कार्यक्रम शाखाको अधिकृत, सामजिक विकास -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीनजना विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिनेछ ।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>: सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ:-

क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची- ३ बमोजिमको आवेदन र तोकिएका कागजातहरू संलग्न राखी प्रस्ताव बुझाउन कम्तिमा १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र सम्वन्धित कार्यालय, निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने गराउने,

ख) दफा ४ मा उल्लेखित आधारहरु बमोजिम विद्यालय सङ्ख्या एकीन गरी विद्यालय छनोटका लागि कार्यालयमा सिफारिस गर्ने,

ग) एउटै विद्यालयमा दोहोरो कार्यक्रम नपर्ने गरी सिफारिस गर्ने,

घ) निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

७. <u>निर्देशक समिति</u>: विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न र विद्यालय छनोट गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) निर्देशकसमितिलेमनोनयगरेकोस्थानीयतहकोशिक्षाप्रमुख सदस्य

(ग) मन्त्रालयले मनोननय गरेको सामाजिक विकास कार्यालयको प्रमुख सदस्य

(घ) योजना तथा शिक्षा विकास महाशाखा प्रमुख, मन्त्रालय सदस्य

(ङ) महानिर्देशक, निर्देशनालय -सदस्य सचिव

८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन समेत पेस गर्नुपर्नेछ ।

(३) यस कार्यक्रमको अनुगमन सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाइबाट पनि हुन सक्नेछ ।

**१२. शिक्षा विकास निर्देशनालयको काम, कर्तव्य र अधिकारः**

(क) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास कार्यालय र विद्यालयलाई सहजीकरण गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(ग) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा मन्त्रालयमा पेस गर्ने,

(घ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

**१३. सामाजिक विकास कार्यालयको काम, कर्तव्य र अधिकारः**

(क) कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी विद्यालयबाट प्रस्ताव माग गर्ने,

(ख) प्राप्त प्रस्तावहरुलाई मूल्याङ्कन गर्ने/गराउने,

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित विद्यालय छनोट समितिमा पेस गर्ने,

(घ) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने/गराउने,

(च) विद्यालय तथा स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा शिक्षा विकास निर्देशनालयमा पेस गर्ने,

(छ) मन्त्रालय र शिक्षा विकास निर्देशनालय र मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## विविध

१४. <u>खर्च व्यवस्थापनः</u> विनियोजन भएको बजेट मध्येबाट राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्ने र विद्यालयलाई अनुदान दिने कार्यमा खर्च गर्न सक्नेछ ।

१५. <u>लेखा तथा लेखापरीक्षणः</u> विद्यालयहरूले विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमको अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

बद्रीनाथ गैहे
प्रदेश सचिव

## अनुसूची-१

### ( दफा-४ को खण्ड "क" सँग सम्वन्धित)

### विद्यार्थी-केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सूचक मापन आधार (माध्यमिक तह)

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या (चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक) | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको । | ० | विद्यालयको अभिलेख, IEMIS |
| | • .शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५० प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको । | १ | |
| | • .शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको ५० देखि ७५ प्रतिशत सम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको | २ | |
| | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिएको । | ३ | |
| २. कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत तह १-८)<br><br>राष्ट्रिय औसत<br><br>२०८० | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटेको | ० | IEMIS |
| | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा नघटेको | १ | |
| | • आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटे तापनि शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा बढी रहेको | २ | |
| | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा बढेको | ३ | |
| ३. कुल भर्नामा छात्राको प्रतिशत (माध्यमिक तह ९-१०)<br><br>राष्ट्रिय औसत<br><br>२०८० | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटेको | ० | IEMIS |
| | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा नघटेको | १ | |
| | • आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटे तापनि शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा बढी रहेको | २ | |
| | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा बढेका | ३ | |



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

## अनुसूची-२

### ( दफा-४ को खण्ड "क" सँग सम्बन्धित)

### विद्यार्थी-केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सूचक मापन आधार (आधारभूत तह)

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या<br>(चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक, कक्षा १–५ ) | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• .शिक्षा नियमावली नुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५० प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• .शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ५० देखि ७५ प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिएको । | ०<br>१<br>२<br>३ | IEMIS |
| २-कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत तह १-५) | • शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटेको<br>• शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा नघटेको<br>• आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा घटे तापनि शैक्षिक सत्र २०८० को राष्ट्रिय औसत भन्दा बढी रहेको<br>• शैक्षिक सत्र २०८० को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०८० को भन्दा बढेको | ०<br>१<br>२<br>३ | IEMIS |
| ३. विद्यालय छाड्ने दर (कक्षा ५) | • १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% देखि ६% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा | ०<br>१<br>२<br>३ | IEMIS |
| ४.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या<br>(चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक, कक्षा १–८ ) | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• .शिक्षा नियमावली नुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५० प्रतिशतसम्म विद्यार्थीलाई सेवा | ०<br>१<br>२ | विद्यालयको अभिलेख |



बद्रीनाथ गैहे
प्रदेश सचिव

